निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/८/२३

## राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धमा राजनीतिक दलसँग छलफल कार्यक्रम

काठमाडौं, मङ्सिर २३ ।

राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धमा मिति २०७६ साल मङ्सिर २३ गते राजनीतिक दलका पदाधिकारीहरूसँग छलफल कार्यक्रम आयोगको सभाहलमा आज सम्पन्न गरियो ।

उक्त कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले हालै सम्पन्न भएको प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको रिक्त ५२ पदको उपनिर्वाचन, २०७६ को सम्बन्धमा जानकारी गराउनु भयो । साथै संविधानको धारा ८६ को उपधारा (४) बमोजिम २०७६ साल फागुन २० गते म्याद समाप्त हुने १९ जना राष्ट्रिय सभा सदस्य निर्वाचन एवम् मनोनयन सम्बन्धी तयारीका सम्बन्धमा समेत जानकारी गराउनु भयो ।

राजनीतिक दलबाट प्रतिनिधित्व गर्नुहुने सबै प्रतिनिधिहरूले संवत् २०७६ साल मङसिर १४ गते उपनिर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा आयोगलाई धन्यवाद दिनु भयो । निर्वाचनका सन्दर्भमा विगतमा उठने गरेका आचार संहिता लगायतका सवाल एवम् आलोचनामा निकै हदसम्म सुधार भएको छ र यसको निरन्तर रहोस भन्दै सुधारका लागि राजनीतिक दलको सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । सो अवसरमा आगामी राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्पन्न गर्न सहज हुने गरी आयोगले नेपाल सरकारलाई परामर्श प्रदान गर्न समेत सुझाव प्राप्त भएको छ ।

कार्यक्रममा नेपाल सरकारका माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), नेपाली काँग्रेस, समाजवादी पार्टी, राष्ट्रिय जनता पार्टी (रा.ज.पा.), साझा पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त), राष्ट्रिय जनमोर्चा, नेपाली जनता दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, राष्ट्रिय जनता पार्टी, नेपाल लगायत दलहरू, आयोगका माननीय निर्वाचन आयुक्तहरू नरेन्द्र दाहाल र इश्वरी प्रसाद पौड्याल तथा आयोगका सचिव र अन्य कर्मचारीको उपस्थिति रहेको थियो ।

076/8/22

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता